नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि -१६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

# प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले जिल्ला पर्सा, वीरगञ्ज महानगरपलिका, वडा नं. ६ स्थित आर.के.एण्ड सन्स (स्थायी लेखा नम्बर ६०९१४७७९९) ले राजस्व चुहावट गरेको कसुरका सम्बन्धमा अनुसन्धान सम्पन्न गरी सम्मानित उच्च अदालत जनकपुरको अस्थायी इजालस वीरगञ्जमा मिति २०८१/०८/०६ मा प्रतिवादी आर.के.एण्ड सन्स (स्थायी लेखा नम्बर ६०९१४७७९९) का प्रोप्राइटर सन्दिप सरार्फविरुद्ध अभियोगपत्र दर्ता गरेको छ।

प्रतिवादीले सुन तथा सुनका गरगहना र चाँदी तथा चाँदीका गरगहना भन्सार चोरी पैठारी गरी ल्याई ईस्टिमेट बिल, चलान बिल जारी गरेको तथा राजश्व छली गर्नको लागि निजले ई-बिलिङको ईजाजत लिएतापनि सो बमोजिम ई-बिलिङ जारी नगरी गैर बीजकको प्रयोग गरी तथा बीजक नै जारी नगरी गलत आय विवरण बुझाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को खण्ड (क),(ख),(च),(छ) र (झ) बमोजिमको कसुर गरेको पाइयो। प्रतिवादीलाई सो कसुरमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा २(छ१) बमोजिम रु. १२,६७,६८,६४५।१० (अक्षेरुपी वाह्र करोड सतसठ्ठी लाख अठसठ्ठी हजार छ सय पैंतालीस पैसा दश मात्र) बरावरको बिगो कायम गरी प्रतिवादी आर.के.एण्ड सन्स (स्थायी लेखा नम्बर ६०९१४७७९९) वीरगञ्जका प्रोपाईटर सन्दिप सरार्फलाई ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम रु. १२,६७,६८,६४५।१० (वाह्र करोड सतसठ्ठी लाख अठसठ्ठी हजार छ सय पैंतालीस पैसा दश मात्र) बिगो जफत हुन र बिगोको शतप्रतिशत जरिवाना समेतको सजाय तथा सोही उपदफाको खण्ड (घ) बमोजिम हदैसम्मको कैद सजायको मागदावी लिई उच्च अदालत जनकपुरको अस्थायी इजालस वीरगञ्जमा मिति २०८१।०८।०६ गते अभियोग पत्र दायर गरिएको छ।

प्रवक्ता
उपमहानिर्देशक
कृष्ण कुमारी श्रेष्ठ

Scanned with CamScanner